# चुरे गाउँपालिका
(Chure Rural Municipality)
## गाउँ कार्यपालिकाको कार्यालय
(Office Of The Rural Municipal Executive)

प.सः २०८२/०८३
च.नं.

घरखेडा, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**सातौं कार्यपालिका बैठक**

आज मिति २०८२/१०/२८ गते बुधबारका दिन यस चुरे गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री चक्र बहादुर बोगटी रजवारज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारका निर्णय गरियो।

| | | |
|---|---|---|
| श्री चक्र बहादुर बोगटी रजवार | अध्यक्ष | |
| श्री धना देवी थापा | उपाध्यक्ष | |
| श्री डम्मर बहादुर सिंह | १ नं. वडा अध्यक्ष | |
| श्री केशव बहादुर सावद | २ नं. वडा अध्यक्ष | |
| श्री खगेन्द्र खडायत | ३ न. वडा अध्यक्ष | |
| श्री चन्द्र बहादुर लामिछाने मगर | ४ नं. वडा अध्यक्ष | |
| श्री बीर बहादुर धामी | ५ नं. वडा अध्यक्ष | |
| श्री प्रेम बहादुर साउँद | ६ नं. वडा अध्यक्ष | |
| श्री तुलसी कुमारी महता | कार्यपालिका- सदस्य | |
| श्री पुष्पादेवी बरै मगर | कार्यपालिका सदस्य | पुष्पा |
| श्री मनिसा बि.क. गौतम | कार्यपालिका सदस्य | |
| श्री सरोजनी धामी बोहरा | कार्यपालिका सदस्य | सरोजनी |
| श्री एकम बहादुर कामी | कार्यपालिका सदस्य | |
| श्री कलावती कामी | कार्यपालिका सदस्य | |
| श्री धर्मराज खत्री | सचिव | |
| आमन्त्रित | | |
| कालीप्रसाद भट्ट | प्र. अधिकृत | |
| मनि रत्न आचार्य | का. स | |
| गोपाल बम | प्रा. स. | |
| | | |
| | | |
| | | |

Web: www.churemun.gov.np, email: chure.gaupalika@gmail.com http://info@churemun.gov.np

Mobile no. 9858485303, 9858488012, 9858488013

चुरे गाउँपालिका
(Chure Rural Municipality)
गाउँ कार्यपालिकाको कार्यालय
(Office Of The Rural Municipal Executive)

प.सः २०८२/०८३
च.नं.

घरखेडा, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल


## मिति २०८२।१०।२८ गते सातौं कार्यपालिका बैठकका प्रस्तावहरुः-

प्रस्ताव नं. १ वडा नं. ४ को भवन निर्माणको म्याद थप सम्बन्धमा।

प्रस्ताव नं. २ सडक बोर्डको योजना छनौंट सम्बन्धमा।

प्रस्ताव नं. ३ निगाली देखी गर्भा दरवार सम्म फाईवर नेट जडान सम्बन्धमा।

प्रस्ताव नं. ४ जलवायु परिवर्तन स्थानीय अनुकुलन सम्बन्धी योजना स्वीकृत गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ५ उपभोक्ता समितिको खाता बन्द गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ६ आर्थिक सहायता

प्रस्ताव नं. ७ विद्युत विस्तारको लागि लागत साझेदारी गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ८ बेतलवी बिदा सम्बन्धमा।

प्रस्ताव नं. ९ विल्डअन नेपाल सँगको लागत साझेदारी सम्बन्धमा।

प्रस्ताव नं. १० राष्ट्रिय रोजगार कार्यक्रमको योजना छनौंट सम्बन्धमा।

**निर्णयहरु:**

| निर्णय नं. | शाखा | निर्णय |
|---|---|---|
| १ | योजना शाखा | आ.व. २०७८/०७९ मा श्री कालीमाई कन्सट्रक्सन सँग योजना सम्झौता भई निर्माणाधिन अवस्थामा रहेको वडा नं. ४ को प्रशासनिक भवन ठेक्का नं ( CRM/ NCB/WORKS/02/2078/079 को म्याद यही पौष महिनामा सम्म रहेको र विविध कारणबस कार्य सम्पन्न हुन नसकेको तर कार्य द्रुत गरिमा अगाडी बढीरहेको र पुनः एकपटक म्याद थप गरिदिएमा थपेको अवधी भित्र कार्य सम्पन्न गर्ने भनि सम्बन्धित निर्माण व्यवसायीले प्रतिबद्धता सहित म्याद थप गरिदिन हुन भनि निवेदन दिएको हुँदा उक्त योजनाको म्याद आगामी २०८२ चैत्र मसान्त सम्मको लागि थप गर्न गाउँपालिकालाई निर्देशन दिने। |
| २ | योजना शाखा | नेपाल सरकार सडक बोर्ड नेपालको आ.व. २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत स्थानीय सडक मर्मत सम्भार कार्यको लागि यस चुरे गाउँपालिकाका भित्रका सडकको मर्मत सम्भारको लागि रु. २५,००,०००।०० विनियोजित भएकोमा उक्त योजनाको कार्यान्वयन गर्नका लागि सडक बोर्डको मर्मत संभार मार्गदर्शन तथा **सडक बोर्ड नीयमावली, २०६० को परिच्छेद (३) नियम (९)** बमोजिम म्याचिङ फण्ड समेत समावेस गरी तपसिल बमोजिमका योजनाहरु मर्मत सम्भारको लागि वार्षिक कार्यक्रम स्वीकृत गरी पठाउने।<br>**तपसिल:-**<br>१. फास्ट ट्रयाक देखी निगाली सम्मको बाटो स्तरोन्नती |
| ३ | सूचना प्रविधि शाखा | चुरे गाउँपालिकाको वडा नं. २ र ४ मा व्याप्त इन्टरनेट सेवाको अबाव परिपुर्ति गरी सेवा प्रवाहलाई सहज र सरल बनाउनका लागि गाउँपालिका र इन्टरनेट सेवा प्रदायक कम्पनी टेक माईण्ड नेपाल सँगको लागत साझेदारीमा तपसिल बमोजिमको लागत साझेदारीमा देहाय बमोजिम बजेट विनियोजन गरी वडा नं. १ को निगाली देखी वडा नं. २ को कार्यालय खैराला हुँदै वडा नं. ४ को कार्यालय गर्भा सम्म फाईवर नेट जडान गर्ने ,<br>तपसिल:<br>१. वडा नं. २ को बजेट शिर्षक ( निगाली देखी खैराला स्वास्थ्य चौकी सम्म फाइबरनेट विस्तार) बाट :- रु. ३,५०,०००।००<br>२. गाउँपालिकाबाट विनियोजित:- रु. १,५०,०००।००<br>३. इनटेनेट सेवाप्रदायक साझेदार कम्पनी टेक माइन्ड नेपालको:- रु. ७,००,०००।००<br>कुल जम्मा:- रु.१२,००,०००।०० |

<table>
<tr><td>४</td><td></td><td>जलवायु परिवर्तन स्थानीय अनुकुलन कार्यक्रम</td><td>नेपाल सरकार संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजनाको आ.व. २०८२।०८३ को लागि स्वीकृत भई आएका योजनाहरुअनुमोदन गरी सुत्र प्रणालीमा प्रविष्ट गरी कार्यान्वयनमा लैजाने।</td></tr>
<tr><td>५</td><td></td><td>योजना शाखा</td><td>चुरे गाउँपालिकाको उपभोक्ता समितिबाट कामकाज गर्ने सम्बन्धी कार्यविधि, २०७५ अनुसार उपभोक्ता समितिले कुनै पनि कार्य गर्दा सोको लागि बैंकमा खाता खोल्ने र सो खाता उपभोक्ता समितिका ३ जन पदाधिकारीको संयुक्त दस्तखतबाट संचालन हुने कानुनी व्यवस्था रहेको र गाउँपालिकाले जन अपेक्षा तथा आवश्यकताको आधारमा साना साना योजना निर्माण गरि कार्यान्वयन गर्ने गरेकोमा भौगोलिक विकटताका कारण उक्त खाता खोल्न तथा बन्द गर्न तीनै जना पदाधिकारी बैकमा आउन समेत कठिनाई हुने भएको हुँदा उपभोक्ता समितिबाट कार्यान्वयन हुने ३ लाख मुनिका योजनाहरुको कार्यसम्पन्न तथा योजना हस्तान्त्रण भए पश्चात खाता बन्द गर्ने व्यवस्था मिलाउने।</td></tr>
<tr><td>६</td><td></td><td>प्रशासन शाखा</td><td>आफ्नो घरायसी अवस्था कमजोर रहेको र उपचार गर्न कठिनाई भईरहेको भनि आर्थिक सहायता माग गर्ने तपसिल बमोजिमका व्यक्तिहरुलाई चुरे गाउँपालिकाको आर्थिक सहायता कार्यविधि २०७६ बमोजिम आर्थिक सहायता प्रदान गर्ने।<br>तपसिल:
<table>
<tr><th>क्र.स.</th><th>नाम, थर</th><th>ठेगाना</th><th>सहयोग रु.१</th></tr>
<tr><td>१</td><td>जंग बहादुर गुरुङ</td><td>चुरे -४</td><td>१५०००।००</td></tr>
<tr><td>२</td><td>टेक बहादुर साउँद</td><td>चुरे-६</td><td>२५०००।०</td></tr>
<tr><td>३</td><td>धना देवी धामी</td><td>चुरे-५</td><td>१५०००।००</td></tr>
<tr><td>४</td><td>सन्तकी देवी सार्की</td><td>चुरे-६</td><td>२००००।००</td></tr>
<tr><td>५</td><td>धर्मा बिष्ट</td><td>चुरे -३</td><td>२५०००।००</td></tr>
<tr><td>६</td><td>भिम बहादुर साउँद</td><td>चुरे-६</td><td>२००००।००</td></tr>
<tr><td>७</td><td>जयमती धामी</td><td>चुरे-६</td><td>२५०००।००</td></tr>
<tr><td>८</td><td>बसन्त सिंह भाट</td><td>चुरे -५</td><td>२००००।००</td></tr>
<tr><td>९</td><td>तिलसरी साउँद</td><td>चुरे -४</td><td>१५०००।००</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table></td></tr>
<tr><td>७</td><td></td><td>प्रशासन शाखा</td><td>चुरे गाउँपालिकाका बिभिन्न वडा तथा बस्तीहरुमा विद्युत विस्तारका लागि नेपाल विद्युत प्राधिकरण सँग लागत साझेदारी गर्ने र सोका लागि गाउँपालिकाले आफ्नो प्रतिबद्धता सहित विद्युत विस्तारको लागि नेपाल विद्युत प्राधिकरणलाई अनुरोध गर्ने।</td></tr>
<tr><td>८</td><td></td><td>प्रशासन शाखा</td><td>निजामती सेवा ऐन, २०४९ को परिच्छेद- १० को दफा ७१ (च) सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा संचालन ) ऐन, २०८१ निजामती सेवा नियमावली, २०५० परिच्छेद – ९ को नियम ६१ को उपनियम ५ बमोजिम कुनै पनि निजामती कर्मचारीले आफु सेवा प्रवेश</td></tr>
</table>

| | | |
|---|---|---|
| | | गरेको तीन बर्ष पुगेको र निरन्तर रुपमा सेवा प्रवाह गरिरहेको भएमा अध्ययन विदा लिन पाउने कानुनी व्यवस्था भएको तर हाल सुदूरपश्चिम प्रदेश स्थानीय सेवा ( गठन तथा) संचालन नियमावली हालसम्म समेत जारी नभएको हुँदा निजामती सेवा नियमावली, २०५० परिच्छेद – ९ को नियम ६१ को उपनियम ५ बमोजिम पूर्व स्वीकृतीलिई निजि प्रयासमा निजामती कर्मचारीले अध्ययन विदा लिन सक्ने व्यवस्था बमोजिम, यस चुरे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत स्थानीय प्रशासन सेवा, सामान्य प्रशासन समुह, सहायक स्तर पाँचौ तहमा कार्यरत कर्मचारी श्री नरेन्द्र बिरकट्टा मगर ( क.स.न. २३८४२३) ले, शर्त पुरा भएको हुँदा व्यवस्थापन विषयमा स्नातकोत्तर तहमा अध्ययन गर्नको लागि सम्बन्धित निकायबाट अध्ययन विदा पूर्व स्वीकृती प्राप्त गरी सम्बन्धित विषय अध्यापन गराउने विश्वविद्यालय तथा क्याम्पसबाट लिइएको प्रवेश परिक्षा उत्तिर्ण गर्नुका साथै भर्ना समेत गरिसकेको भनि यस कार्यालयमा कागजात सहित निवेदन पेश गरेकोमा निजको बेतलवी अध्ययन विदाको लागि सुदुपश्चिम प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई लेखि पठाउने । |
| ९ | शिक्षा शाखा | सामुदायिक विद्यालयमा भएको कक्षा कोठा अभावलाई परिपुर्ति गर्नका लागि चुरे गाउँपालिका तथा विल्डअन नेपालको लागत साझेदारीमा चुरे गाँपालिका वडा नं. मा अवस्थित विद्यालयमा भवन निर्माण गर्ने र उक्त विद्यालय निर्माण गर्दा गाउँपालिकाले बेहोर्नुपर्ने लागत साझेदारी अनुसारको रकम गाउँपालिकाले बेहोर्ने। |
| १० | प्रधानमन्त्री रोजगार सेवा केन्द्र | राष्ट्रिय रोजगार प्रर्वद्धन कार्यक्रमका लागि छनौट भएका योजनाहरुका लागि तपशिल बमोजिम साझेदारी रकम कायम गरी राष्ट्रिय रोजगार प्रर्वद्धन कार्यक्रमको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन बमोजिम कार्यान्वयन गर्ने । |

| वडा नं | योजनाको नाम | सूचिकृत बेरोजगार संख्या | राष्ट्रिय रोजगार प्रर्वद्धन कार्यक्रमको बजेट | स्थानीय तहको साझेदारी कुल बजेट |
|---|---|---|---|---|
| १ | वडा कार्यालयको पर्खाल मर्मत योजना | ८ | ३,०१,६०० | ५,५२,४०० |
| २ | खैराला देखि निगाली सडक मर्मत तथा नाली निर्माण योजना | ९ | ३,७७,००० | ३,०१,६०० |
| ३ | मंगलपुर – मस्से – खालीगडा सडक नाली तथा झाडी सफाई योजना | ५ | २,२६,२०० | १,५०,८०० |
| | नवाडी – सुनारी, भक्तपुर - बसर सडक नाली सफाई योजना | ५ | १,५०,८०० | २,२६,२०० |
| ४ | श्री सरस्वती आ.वि. बाटेगडाको पर्खाल निर्माण र दरबार देखि | ९ | ३,६२,४०० | ३,९१,६०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | मोहन्याल डाँडा सम्म घोरेटो बाटो मर्मत योजना | | | |
| | | | ५ | वडा फिल्ड निर्माण, गोपाले गुणी कृषि सडक खानीडाँडा भुल्केपानी सडक नाली निर्माण योजना | १० | ३,७७,००० | ५,२७,००० |
| | | | ६ | मौरी घार निर्माण योजना | ९ | ३,७७,००० | ३,०१,६०० |
| | | | जम्मा | | ५५ जना | २१,७२,००० | २४,५१,२०० |
| | | | | कुल बजेट | ४६,२३,२०० | | |